जि.प्र.का.झापा द.नं.६९। ०५७।०५८

सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता

राष्ट्रिय दैनिक

# पूर्वसन्देश

PURBA SANDESH NATIONAL DAILY

purbasandesh.com

वर्ष-२१ | अंक - १२८ | २०८३ वैशाख २९ गते मंगलबार | Tuesday, 12 May 2026 | मूल्य ७ /-




**भक्तराज आचार्य कसरी नेपाल आएका हुन् !?! (३)**

✍ नकुल काजी


**सिटी डेन्टल**

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ ।

**यसको शाखा मधुमल्लामा पनि खुलेको छ ।**

दमक-६, झापा
**फाल्गुनन्द चौक**
फोन: ०२३-५७५४०९



**आमा डेन्टल केयर प्रा. लि.**

दमक-६, थानारोड (प्रधान कार्यालय)
सम्पर्क नम्बर : 023-572643/9814912500
दमक–१, रबि स्टेन्ड गेट नजिक (शाखा कार्यालय)
सम्पर्क नम्बरः 023-577816

हाम्रा उपलब्ध डाक्टरहरु

१. डा. प्रनेस श्रेष्ठ (MDS- Orthodontist)
२. डा. सुस्मिता नेपाल (BDS- Dental Surgeon)
३. डा. मीरा आचार्य (BDS- Dental Surgeon)

नोट : हप्ताको सातै दिन दन्त उपचार सेवा उपलव्ध छ ।


### राष्ट्रपतिद्वारा सरकारको नीति तथा कार्यक्रम प्रस्तुत

# डिजिटल रूपान्तरणदेखि विकासका महत्वकांक्षी योजना

✍ खगेन्द्र कार्की

**दमक**/ राष्ट्रपति रामचन्द्र पौडेलले सोमबार संघीय संसद्को संयुक्त बैठकमा आर्थिक वर्ष २०८३/०८४ का लागि सरकारको वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गरेका छन् । नीति तथा कार्यक्रममा डिजिटल अर्थतन्त्र, शिक्षा, कृषि, पूर्वाधार, सुरक्षा, पर्यटन, सहकारी, सुशासन र रोजगारीलगायतका क्षेत्रलाई प्राथमिकतामा राखिएको छ ।

सरकारले अब सबै आर्थिक कारोबारलाई क्रमशः नगदरहित र डिजिटल प्रणालीमा लैजाने घोषणा गरेको छ । डिजिटल भुक्तानीलाई प्रोत्साहन गर्दै सम्पूर्ण आर्थिक कारोबार पारदर्शी र प्रविधिमैत्री बनाउने लक्ष्य लिइएको छ ।

भूमिहीन नागरिकको समस्या समाधानलाई पनि सरकारले प्राथमिकतामा राखेको छ । वास्तविक भूमिहीनको पहिचान गरी उनीहरूलाई स्थायी आवास र जग्गाको स्वामित्व उपलब्ध गराइने नीति लिइएको छ । साथै, बाँझो जमिन उपयोग गर्न "भूमि बैंक" प्रणाली लागू गरिने र युवा, महिला तथा साना किसानलाई खेतीमा पहुँच सुनिश्चित गरिने उल्लेख गरिएको छ । किसानका लागि परिचयपत्र र क्रेडिट कार्डको व्यवस्था गरिनेछ भने करार खेतीलाई पनि प्रोत्साहन गरिने भएको छ ।



सरकारले मध्यपहाडी लोकमार्ग आसपासका नयाँ शहरलाई "पहिचानयुक्त शहर" का रूपमा विकास गर्ने योजना अघि सारेको छ । ती क्षेत्रमा पूर्वाधार, जग्गा विकास र स्थानीय आर्थिक गतिविधि विस्तार गरिनेछ । साथै, पुष्पलाल मध्यपहाडी राजमार्ग, हुलाकी राजमार्ग र उत्तर-दक्षिण सडक सञ्जालको स्तरोन्नति तीव्र पारिने घोषणा गरिएको छ । काठमाडौं-तराई द्रुतमार्ग शीघ्र सम्पन्न गर्ने र सबै पालिकालाई १२ महिना सञ्चालन हुने सडक सञ्जालसँग जोड्ने सरकारको लक्ष्य छ । पर्यटन क्षेत्र सुधारका लागि सरकारले "भिजिट नेपाल २०८५" मनाउने घोषणा गरेको छ । पर्यटक भिसालाई पूर्ण रूपमा

बाँकी ४ पेजमा ▸▸

### नीति तथा कार्यक्रमका मुख्य योजना

- समस्याग्रस्त सहकारीको ऋण असुली गरेर बचतकतलाई फिर्ता दिने ।
- दलीय सहमतिमा संविधान संशोधन गरिने ।
- तोकेभन्दा बढी लगानी गर्नेलाई 'लगानी भिसा' दिइने ।
- स्वदेशी काठको प्रयोग गरिने, चुरेको वैज्ञानिक उत्खनन गरिने ।
- आईटीलाई प्राथमिकता, लगानी 'एक्सप्रेस नीति' ।
- विमानस्थलमा निजीक्षेत्रलाई भित्र्याइने ।
- १० वर्षमा ३० हजार मेगावाट विद्युत् उत्पादन गरिने ।
- पोखरा र गौतबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालन गर्न कूटनीतिक पहल गरिने ।
- विद्यालयमा उच्च गतिको इन्टरनेटको व्यवस्था, एआई पनि पढाइने ।
- नापी र मालपोत कार्यालयलाई एकीकृत गरिने ।
- एकैदिनमा कम्पनी दर्ता गरिने ।
- स्वदेशमै बसेर विदेशका कम्पनीमा काम गर्ने नीति ल्याइने ।
- आर्थिक कारोबार अब डिजिटल, नगदरहित बनाइने ।
- छात्रवृत्ति योग्यता प्रणाली र डिजिटलमार्फत सिधै खातामा जाने ।
- उत्कृष्ट शिक्षक प्रोत्साहन कार्यक्रम ल्याइने ।
- १० हजार सामुदायिक विद्यालयमा उच्च गतिको इन्टरनेट जोडिने ।
- सरकारले औषधि लिमिटेडको स्तरोन्नति गर्ने ।

# दमकमा दोस्रो संस्करणको खेलकुद महोत्सव उद्घाटन



✍ पूर्वसन्देश समाचार

**दमक**/ झापाको दमकमा दोस्रो संस्करणको "दमक खेलकुद महोत्सव-२०८३" उद्घाटन गरिएको छ । दमक नगरपालिकाबाट पञ्चेबाजासहित सुरु गरिएको र्‍याली वडा नं. ७ स्थित नमूना ब्याडमिन्टन कभर्डहलमा पुगेर औपचारिक कार्यक्रममा परिणत भएको थियो ।

दमक नगर खेलकुद विकास समितिका अध्यक्ष भीमराज चम्लागाईको अध्यक्षतामा आयोजित कार्यक्रममा दमक नगरप्रमुख रामकुमार थापा प्रमुख अतिथिका रूपमा सहभागी थिए । कार्यक्रममा नगर उपप्रमुख रेगिना भट्टराई प्रसाई, प्रमुख प्रशासकीय अधिकृत सुनिल निरौला, इलाका प्रहरी कार्यालय दमकका प्रमुख डीएसपी किशोर लम्साल, समाजसेवी शेरबहादुर भट्टराईलगायतको विशिष्ठ आतिथ्यता रहेको थियो । यस्तै वडा नं. ७ का अध्यक्ष भीमप्रसाद पौडेल, वडा नं. ५ का कार्यवाहक अध्यक्ष खड्गबहादुर राईलगायत वडाअध्यक्ष, जनप्रतिनिधि, खेल संस्थाका पदाधिकारी, खेलाडी तथा खेलप्रेमीहरूको उपस्थिति रहेको थियो ।

कार्यक्रममा शिक्षा समितिका संयोजक तथा वडा नं. ९ का अध्यक्ष कुवेर भट्टराईले स्वागत मन्तव्य राखेका थिए । कार्यक्रमलाई सम्बोधन गर्दै नगरप्रमुख थापाले युवाहरुको स्वस्थ जीवनका लागि, दमकको पहिचानका लागि र समग्र राष्ट्र निर्माणकै लागि खेलकुद अपरिहार्य रहेको बताए । भदौ २३ र २४ आन्दोलनबाट नगरपालिका पीडामा भएपनि युवाहरुको खेलकुदप्रतिको आकांक्षा र उत्साहलाई मर्न नदिन र गतसालदेखि गरिँदै आएको खेलकुद महोत्सवको निरन्तरताका लागि दोस्रो खेलकुद महोत्सव आयोजना गरिएको बताए । उनले दमक नगरपालिकाले युवाको खेलप्रतिको चाहना पुरा गराउँदै खेलाडीमा भएका प्रतिभा प्रस्फुटन, नयाँ प्रतिभाको खोजीका लागि यो पटक खेलकुद ९ विधालाई समेटेर नगरस्तरीय खेलकुद महोत्सव आयोजना गरिएको बताए । उनले प्रत्येक वर्ष

बाँकी ४ पेजमा ▸▸

## *स्ववियु संरचना खारेजमा सर्वोच्चको अन्तरिम आदेश*

***दमक**/ सर्वोच्च अदालतले अर्को आदेश नभएसम्मका लागि विश्वविद्यालयहरूबाट स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु)को संरचना खारेज गर्ने सरकारको निर्णय तत्कालन कार्यान्वयन नगर्न अन्तरकालीन अन्तरिम आदेश जारी गरेको छ ।*

*सर्वोच्चका न्यायाधीश श्रीकान्त पौडेलको इजलासले दुवै पक्षको छलफल सुनेर अर्को आदेश गर्नुपर्ने उल्लेख गर्दै त्यो नहुँदासम्म सरकारको निर्णय कार्यान्वयन नगर्न आदेश दिएको हो । सरकारको निर्णय विरुद्ध विभिन्न आठ विद्यार्थी संगठनले रिट दर्ता गरेका थिए । रिटका दुवै पक्षलाई छलफलका लागि बोलाउने आदेश पनि भएको छ ।*

बाँकी ४ पेजमा ▸▸

# डुवेर तीन बालबालिकाको मृत्यु

**दमक**/ विभिन्न जिल्लामा पोखरीमा डुबेर तीन जना बालबालिकाको मृत्यु भएको छ । रुपन्देही, महोत्तरी र मोरङमा पोखरी, खाडल र नदीको पानीमा डुबेर तीन जना बालबालिकाको मृत्यु भएको प्रहरीले जनाएको छ । मोरङको बेलबारी नगरपालिका-३ सिमपानेमा पानीमा डुबेर एक बालकको मृत्यु भएको छ । सिमपानी चोकस्थित बेतना खोलामा डुबेर सुन्दरहरैँचा नगरपालिका-११ बेलेपुर बस्ने राज कुमार विकका छोरा ८ वर्षीय आयुस विकको मृत्यु भएको हो । पानीमा डुबेर अशक्त भएका उनको नोबेल अस्पताल बेलबारीमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ ।

यस्तै रूपन्देहीको लुम्बिनी साँस्कृतिक नगरपालिका-६ महजिदिया बस्ने सर्फदिन धोवीकी छोरी ६ वर्षीया अली धावीको पोखरीमा डुबेर मृत्यु भएको छ । आफ्नै घर नजिकै रहेको पोखरीमा डुबेर उनको मृत्यु भएको प्रहरीले जनाएको छ । त्यसैगरी महोत्तरीको औरहीमा पनि पानीमा डुबेर २ वर्षीय बालकको मृत्यु भएको छ । औरही नगरपालिका-२ स्थित न्यू बाबा इँटा भट्टामा काम गर्ने सिन्धुली घर भएका दिल बहादुर रानाका छोरा २ वर्षीय हिरा बहादुर रानाको मृत्यु भएको हो ।

# प्रिमियर कलेजमा पाककला प्रदर्शनी

**दमक**/ दमक ५ को प्रिमियर कलेज अफ हस्पिटालिटी मेनेजमेन्टले सोमबार पाककला प्रदर्शनीको आयोजना गरेको छ । कलेका विद्यार्थीले तयार पारेका परिकारहरुको अवलोकन तथा अनुभव गराउने उदेश्यले कार्यक्रम गरिएको कलेजले जनाएको छ ।



अभिभावक भेटघाट समेत रहेको कार्यक्रममा प्रिमियर कलेजमा कक्षा ११ मा अध्ययन्रत विद्यार्थीहरुले तयार पारेका परिकारहरुबाट अभिभावक तथा अतिथीहरुलाई स्वागत गरिएको थियो । सद्धान्तिक मात्र नभई व्यवहारीक ज्ञान समेत दिँदै आएकाले आफ्ना सन्तानको प्रगती अभिभावक आँफैले हेर्न र महसुस गर्न सहयोग पुर्‍याउने उदेश्यले कार्यक्रम गरिएको कलेजका अध्यक्ष चन्द्र थापाले बताए ।

कार्यक्रममा विद्यार्थीहरुले अतिथी सत्कार, खाना बनाउने शैली र शिप, तयार पारेका खाना प्रदर्शनी र उपलब्ध गराएका थिए । दैनिक सैद्धान्तिक र व्यवहारीक ज्ञान समेत दिने गरिएकाले यस कलेजबाट उत्तिर्ण भएका सवै जसो विद्यार्थी उच्च शिक्षा अध्ययन तथा रोजगारीमा आवद्ध रहेको कलेजकी प्रिन्सिपल

बाँकी ४ पेजमा ▸▸

# कांग्रेसमा देउवा र शेखरका १९ केन्द्रीय सदस्य मनोनित

**दमक**/ कांग्रेस सभापति गगन थापाले नेपाली कांग्रेसको केन्द्रीय समितिमा १९ जना नेतालाई मनोनीत गरेका छन् । मनोनयनमा पूर्वसभापति शेरबहादुर देउवा र नेता शेखर कोइराला समूहका नेताहरू समेटिएका छन् । मनोनीत हुनेहरूमा महेन्द्र यादव, जीवन परियार, उमेश श्रेष्ठ, रमेश रिजाल, सुजाता कोइराला, दिलेन्द्रप्रसाद बडू, चन्द्रकान्त भण्डारी लगायत रहेका छन् ।

त्यस्तै अजयकुमार चौरसिया, लक्ष्मी परियार, आङ्गेलु शेर्पा, दिनेशकुमार यादव, राजीव कोइराला, राजीव ढुंगाना, गोविन्दराज पोखरेल, सुशिला मिश्र भट्ट, नागिना यादव, दिनेश कोइराला, जीवन राना र सीता थपलिया पनि केन्द्रीय सदस्यमा मनोनीत भएका छन् ।

# मूल्य पारदर्शिता सप्ताह" सुरु

**दमक**/ सरकारले बजारमा भइरहेको अनियमितता, कृत्रिम मूल्यवृद्धि र उपभोक्ता ठगी नियन्त्रण गर्न सोमबारदेखि देशभर 'मूल्य पारदर्शिता सप्ताह' अभियान सुरु गर्ने भएको छ। यो अभियान जेठ ३ गतेसम्म सञ्चालन हुनेछ। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको संयुक्त पहलमा सुरु हुन लागेको अभियानले बजारमा मूल्य पारदर्शिता कायम गर्ने, अनिवार्य मूल्यसूची लागू गराउने र उपभोक्ता ठगी रोक्ने लक्ष्य राखेको छ। प्रधानमन्त्रीका प्रेस तथा अनुसन्धान विज्ञ दीपा दाहाल का अनुसार अभियानमा स्थानीय तह, जिल्ला प्रशासन कार्यालय, प्रदेश र केन्द्रीय बजार अनुगमन समितिलाई सक्रिय बनाइनेछ ।

स्थानीय तहले पसल तथा सेवा प्रदायकलाई मूल्यसूची राख्न अनिवार्य गराउने र अनुगमन गर्नेछन् भने जिल्ला प्रशासन कार्यालयले बजार अनुगमन समितिलाई सक्रिय बनाएर प्रचारप्रसार र नियमन गर्नेछ। नियम उल्लंघन गर्नेमाथि कानुनी कारबाहीसमेत गरिने बताइएको छ ।


**दमक नगरपालिका दमक झापा**

**स्वास्थ्य शाखाको सूचना**

राष्ट्रिय पोषण लेखाजोखा कार्यक्रम २०८३ अर्न्तगत दमक नगरपालिका स्वास्थ्य शाखाको आयोजनामा ६-५९ महिनाका शिशु तथा बालबालिकाको तौल मापन, उचाई लम्बाई मापन, पोषणजन्य कारणले सुन्निएको नसुन्निएको र पाखुराको मध्य भागको परिधि मापन गर्ने कार्य गरि पोषण अवस्थाको पहिचान/विश्लेषण र उपचार व्यवस्थापन गर्न निम्न स्थान तथा मितिमा बिहान १० बजे देखी ४ वजे सम्म स्वास्थ्यकर्मीबाट गरिने भएकोले आफ्नो पाएक पर्ने स्थानमा बालबालिका हित उपस्थित भई आफ्नो बालबालिकाको पोषणको स्थिति पत्ता लगाई मौकाको फाईदा उठाउनुहुन अनुरोध छ ।

# सम्पादकीय

## बिपद्को सामना गर्न बहुपक्षीय समन्वय

झापामा वर्षेनी मनसुनजन्य बिपत्तीले ठुलो नोक्सानी गर्ने गरेको छ । जिल्लाका विभिन्न नदी आसपासका बस्तीहरु प्रभावित हुने प्रक्षेपणले स्थानीय तहदेखि सरोकारवाला निकायसम्मलाई समयमै तयारीमा जुट्न दबाब सिर्जना गरेको छ । जिल्लाका १४ वटा पालिकाभित्र पर्ने ११ नदीमा आउने सम्भावित बाढीका कारण करिब ८ हजार बासिन्दा प्रभावित हुन सक्ने अनुमान गरिएको छ ।

प्रक्षेपणअनुसार सबैभन्दा बढी जोखिम कनकाई नदी क्षेत्रका बासिन्दामा देखिएको छ । कनकाई नदीबाट मात्रै दुई हजार २४८ परिवार प्रभावित हुन सक्ने आँकलन गरिएको छ । त्यस्तै बिरिङ नदीबाट दुई हजार ११५ परिवार, रतुवा नदीबाट एक हजार ३३० परिवार र मेची नदीबाट एक हजार ८० परिवार जोखिममा पर्ने देखिएको छ । कमल र बनियानी नदी आसपासका एक हजार १५ परिवार प्रभावित हुन सक्ने अनुमान छ भने देवनिया नदीबाट ४४५ परिवार, टाङटिङ तथा नेते नदीबाट ३५० परिवार, हडिया नदीबाट १७५ परिवार र निन्दा नदीबाट १५० परिवार प्रभावित हुन सक्ने तथ्यांक सार्वजनिक गरिएको छ ।

हरेक वर्ष मनसुनका बेला झापाका विभिन्न क्षेत्र बाढी र डुबानबाट प्रभावित हुने गरेका छन् । विशेषगरी नदी कटान, कमजोर तटबन्ध, अव्यवस्थित बसोबास तथा जल निकासको समस्या विपद्का मुख्य कारण बन्दै आएका छन् । त्यसैले यस वर्ष सम्भावित क्षति न्यूनीकरणका लागि पूर्वतयारीलाई अझ प्रभावकारी बनाउन आवश्यक देखिएको छ ।

बाढीबाट हुने क्षति कम गर्न पूर्वाधार निर्माणसँगै पूर्वसूचना प्रणालीलाई पनि बलियो बनाउनुपर्ने आवश्यकता औँल्याइएको छ । नदीमा पानीको सतह बढ्ने संकेत मिल्नेबित्तिकै मोबाइल सन्देश, इन्टरनेट, साइरन तथा सार्वजनिक सञ्चार माध्यममार्फत समयमै सूचना प्रवाह गर्न सके जनधनको क्षति उल्लेख्य रुपमा घटाउन सकिन्छ । स्थानीय तहले जोखिमयुक्त बस्तीको पहिचान गरी सुरक्षित स्थानको व्यवस्था तथा उद्धार योजनालाई तयारी अवस्थामा राख्नुपर्ने आवश्यकता पनि देखिएको छ ।

बाढीपछि उत्पन्न हुन सक्ने स्वास्थ्य, सरसफाइ, खाद्यान्न अभाव र अस्थायी बसोबासको समस्यालाई ध्यानमा राख्दै पूर्व तयारी गर्नुपर्ने विज्ञहरु बताउँछन् । प्रभावित क्षेत्रमा रहेका गर्भवती महिला, सुत्केरी, ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति तथा विशेष सहयोग आवश्यक पर्ने नागरिकहरुको विवरण संकलन गरी लक्षित योजना बनाउनु अत्यावश्यक छ । मनसुनजन्य विपद्को प्रभाव न्यूनीकरणका लागि स्थानीय तह, सुरक्षा निकाय, स्वास्थ्य संस्था, रेडक्रस, सामुदायिक संघसंस्था र नागरिकबीचको समन्वयलाई सुदृढ बनाउँदै तयारीलाई व्यवहारिक रुपमा कार्यान्वयन गर्न सके सम्भावित क्षति धेरै हदसम्म कम गर्न सकिने देखिन्छ ।

## चताराधाममा गुरुकुल

**चतारा/** सुनसरी स्थित बराहक्षेत्र नगरपालिका-१ चतराधाममा 'जगद्‌गुरू श्रीरामानन्दाचार्य गुरूकुल' सञ्चालनमा आएको छ । गुरूकुलको कोशी प्रदेशका पर्यटन,वन तथा वातावरण मन्त्री भीम पराजुलीले उद्‌घाटन गरेका छन् । नेपाल पीठाधीश एवं संरक्षक अनन्त श्री विभूषित जगद्‌गुरू श्रीरामानन्दाचार्य स्वामी श्रीरामकृष्णाचार्य महायोगी सिद्धबाबाको अगुवाइमा गुरुकुल सञ्चालनमा ल्याईएको हो । वैदिक सनातन संस्कार, आधुनिक गुणस्तरीय शिक्षा तथा आध्यात्मिक जीवनदर्शनलाई समन्वय गरी सञ्चालन गरिएको यस गुरूकुलमा कक्षा ६ देखि १२ सम्म अंग्रेजी माध्यमद्वारा शिक्षण गराइने भएको छ । यसका साथै योग, ध्यान, वेदव्याकरण, संस्कार, संस्कृति तथा अनुशासित गुरूकुलीय जीवनशैलीमार्फत विद्यार्थीहरूको सर्वाङ्गीण विकास गर्ने उद्देश्य राखिएको जगद्‌गुरू श्रीरामानन्दाचार्य स्वामी श्रीरामकृष्णाचार्य महायोगी सिद्धबाबाले जानकारी दिए । उद्‌घाटन समारोहमा पर्यटन,वन तथा वातावरण मन्त्री पराजुलीले हरेक विद्यालयमा संस्कृत शिक्षालाई अनिवार्य पढाइमा समावेश गर्नुपर्ने बताए । उनले धर्मको माध्यमबाट मानिसमा सकारात्मक परिवर्तन ल्याउन सकिने बताए । युवालाई धार्मिक साथै संस्कारी बनाउन आवश्यक रहेको पनि औंल्याए ।

# भक्तराज आचार्य कसरी नेपाल आएका हुन् !?!



✍ नकुल काजी



मैले कागज जोत्ने कलमी हलिको काम गरेको ६४ वर्ष बितिरहेको छ । यो लामो अवधिमा देश-विदेशका धेरै साहित्य, कला, संगीत, सूचनासेवा (पत्रकारित) आदिसँग सम्पृक्त अगुवा तथा उदीयमान व्यक्ति-व्यक्तित्वहरूसँग मेरो चिनजान र धेरथोर उठबस भएको छ । तर, अहिले भजन-शिरोमणि, गायक, संगीतज्ञको कीर्ति कमाएर पार्थिव जीवनबाट अस्ताउनु भएका भक्तराज आचार्यसँगको, ५३ पुरानोदेखिका, स्मरण मलाई सर्वाधिक प्रिय र विशिष्ट लाग्दछ ।

मैले वि.सं.२०२८ असार १८ गते ( ०२ जुलाई, १९७२)- नेपाल र सिक्किमका सरकारहरूको सौहार्दपूर्ण अनुमतिले, तत्काल इण्डियन हस्तक्षेपले आक्रान्त, छिमेकी हिमाली देश सिक्किमको अध्ययन-भ्रमण गरेको थिएँ । मेरो त्यो भ्रमण ९३ दिनको थियो र त्यसको इतिवृत्तान्त मैले आफ्नो अंग्रेजी पुस्तक' नाइन्टी-थ्रि डेज इन द ब्युटिफुल ल्याण्ड अफ कञ्चनजङ्घा' (Ninety–three days in the beautiful land of Kanchenjungha) -मा बिस्तृत लेखेको छु । अत: सिक्किमको त्यही भ्रमणको क्रममा भक्तराज आचार्यसँग, सिक्किमको राजधानी गान्तोकमा, संयोगवश, मेरो भेट भएको हो ।

गान्तोकको मुटुमै मेरा मामा ससुरा हरिप्रसाद सापकोटाको घर थियो । मैले सिक्किम प्रवेश गरेको लगभग महिना दिनपछि एक बिहान, उहाँकहाँ खाना खान, बोलाइएर गएको थिएँ । म पुगेपछि मलाई जुन कोठामा लगियो त्यहाँ मामा ससुराका दुई स-साना छोरा-छोरी र छिमेकका केही बाल-बालिकाको ट्युसन चलिरहेको थियो । म भित्र पस्नासाथ उनीहरू सबै त्यहाँबाट अर्को कोठातिर पस्न लाग्दा मैले ट्युसन मास्टरलाई रोकेको थिएँ र केही जिज्ञासा राखेको थिएँ । त्यसबाट मैले जान्न पाएका कुरा थिए.... "उहाँको नाम-थर भक्तराज आचार्य र उहाँको पेशा 'ट्युसन मास्टरी' मात्र/उहाँको घर दार्जीलिङको कालिम्पोङ महकुमा अन्तर्गत गोरुबथान / गोरुबथानकै प्रबुद्ध साहित्यसेवी हायमनदास राईको संगति पाएर उहाँ गान्तोक पुग्नु भएको / उहाँले एकदेखि तीन कक्षासम्मका नानीहरूलाई ट्युसन पढाए बापत प्रत्येकबाट मासिक रु.७/- र त्यमाथि छ कक्षासम्मबाट प्रति बिद्यार्थी रु.१०/-लिने गर्नु हुँदै रहेछ ।....यसबाहेक, उहाँले मसँग भेट नभइकनै मैले लेखेका केही किताब पढेको / मेरो रचनाका केही गीत अम्बर गुरुङ र अशोक राईले गाएको पनि सुन्नुभएको/... " इत्यादि मैले जान्न पाएँ । अर्थात् , यही थियो भक्तराज आचार्यसँगको मेरो पहिलो भेट ।

त्यसको १२/१५ दिनपछि पूर्व सिक्किमको रंगेलीस्थित प्रसिद्ध 'जनहित पुस्तकालय'-ले मेरो सम्मानमा कार्यक्रम राखेको थियो । सो कार्यक्रम सकिएर बाहिर निस्किँदै गर्दा सिक्किमको निगरानी खातिर इण्डियाले राखेको सिआइडी जत्थाका केही अफिसरले मलाई रोकेर अन्टसन्ट अथवा मेरो सिक्किम भ्रमणसँग असम्बन्धित ठहर हुने प्रश्नहरू गरेका थिए । तर, त्यहाँ उपस्थित केही वाकपटु सिक्किमे युवाहरू, अन्यथा केही बुझेर होला, मेरो निम्ति 'ढाल' बनिदिएका थिए । र, त्यो युवा समूहमा भक्तराज आचार्यलाई पनि सक्रिय देखेर मेरो उहाँप्रतिको मनोवैज्ञानिक खायस बढेको थियो । फेरि त्यसै दिन पाक्योङ बजारका माथवर व्यक्ति के.बी. अधिकारीको निजी 'म्युजियम' अवलोकन कार्यक्रम पनि तय भएको थियो मेरो । त्यहाँ पनि त्यस क्षेत्रका ठूलाठालूको बाक्लै उपस्थिति थियो र उपस्थितहरूको पछिल्लो पंक्तिमा भक्तराज आचार्य पनि हुनुहुन्थ्यो । म्युजियम अवलोकनपछि क्रमश: सबै विदा भए, तर उहाँ (भक्तराज) भने मलाई केही भन्न पर्खिरहे जस्तो लाग्यो मलाई र मैले जिज्ञासा राखें -"मसित केही काम छ कि सर ? अघि रंगेलीमा पनि देखेको थिएँ ।" उहाँले मुस्कुराउँदै मेरो अघिल्तिर पन्ना पल्टाइएको डायरी र फाउन्टेन पेन राखेर 'एउटा आशावादी गीत' लेखिदिने अनुरोध गर्नुभयो । मैले उहाँलाई त्यसरी तत्कालै त्यस्तो विषयकेन्द्रित गीतको बोल रचना हुन सम्भव नहुने कुरा सम्झाउने प्रयत्न गरें, तर उहाँले ढिपी गर्न नछोड्नु भएकाले भोलिपल्ट बिहानसम्मको समय मागें । त्यस रात म पाक्योङमै बस्ने तय भएको थियो । र, त्यही रात जसो-तसो गरेर एउटा गीतयोग्य रचना गरी भोलिपल्ट उहाँलाई हातलागी गरिदिएँ । रचनाको *स्थायी बोल' यस्तो थियो:--*

*"मलाई जीवन चाहिन्छ,*
*जीवनको सार चाहिन्छ*
*निराशाको पाशो होइन*
*मलाई आशाको संसार चाहिन्छ"...*
*विषको जिउँदापन छातीमा सजाउन,*
*काँडाको खिल मुटुमा रसाउन,*
*मलाई जिउँदो संसार चाहिन्छ ।....*

दुई दिनपछि उहाँ मलाई राखिएको गान्तोकस्थित डेन्जोङ होटेलमा आएर अत्यन्त प्रसन्नतापूर्वक सो 'बोल'-मा लय भरेको बताउँदै टी-टेबल बजाएर सुनाउनु भयो । उहाँको लय भर्ने सीप र स्वर सुनेर म वास्तवमै आह्लादित भएको थिएँ । उहाँको प्राकृत प्रतिभाको स्वाभाविक उच्च महत्वाकांक्षा र दयनीय जीवन-व्यवहारको चरम खिचातानी बुझेर मभित्रको संवेदनशीलता उद्विग्न बनी उर्लियो । उहाँको उचित पहिचान नभइरहेको अनुभूतिले म अभ्यन्तरबाटै द्रवीभूत हुन पुगेंको थिएँ त्यसबेला । यस सन्दर्भमा हाम्रो निकै लामो कुराकानीका क्रममा उहाँलाई रेडिया नेपालमा जाने ठूलो इच्छा भएको र मबाट प्रयास भए सो इच्छा पूरा हुने उहाँको विश्वास बुझें मैले ।

त्यसबेला रेडियो नेपालका डाइरेक्टर भोग्य प्रताप शाहसँग म परिचित थिएँ । र, मैले डाइरेक्टर शाहलाई भक्तराज आचार्यको प्रखर कलाकार प्रतिभा, प्राकृतिक स्वर-माधुर्य, संगीत कौशलता र उहाँको दयनीय व्यक्तिगत जीवनचर्य्या आदि बारे सकेसम्म भाँती पुर्याएर एउटा चिट्ठी तयार गरी उहाँ (भक्तराज)-लाई पढ्न दिएँ ।...मैले देखें - चिट्ठी पढ्दैगर्दै उहाँका आँखा रसाएका थिए ।...एकछिन् हामी दुवै मौन भयौं ।फेरि उहाँले केही असहज माने झैं गर्दै काठमाडौं जान कति खर्च चाहिएला, कति दिन बस्नुपर्ला इत्यादि सोध्नु भएको थियो र म थप भावुक र द्रवित भएको सम्झना छ । म जस्तो साधारण युवक, स्वयम् परदेशमा थिएँ, मबाट त्यस्तो सहयोग सम्भवै थिएन । म निर्वाक एकछिन् घोरिएँ ।

मलाई सिक्किमको अध्ययन भ्रमण सान्दर्भिक परामर्श दिइँदा सरकारतर्फको सम्पर्क सूत्र (सहजकर्ता)- का रूपमा कर्मा तोप्देन नामक उच्च अधिकारी अनौपचारिक रूपमा तोकेर चिनाइएको थियो । उनी तत्कालीन सिक्किम नरेशका सह-सचिव र शिष्टाचार महापाल थिए । मैले फोन उठाएर उनैसँग सम्पर्क गरें र भक्तराज आचार्यको कैरन लगाएपछि उहाँको तर्फबाट विनम्र गुहार मागें । उनले अति सहज रूपमा लिएर बताए बमोजिम मैले सानो टुक्रा कागजमा अंग्रेजीमा 'भक्तराज आचार्य' लेखेर दस्तखत गरी सो चिटसँग कर्मा तोप्देनसँग भेट्न पठाएँ ।....

लगभग डेढ घण्टापछि हर्षविभोर भक्तराज फर्किनु भयो । उहाँलाई रु.१० हजार प्राप्त भएछ । ....त्यसपछि काठमाडौंको बारेमा मसँग निकै जानकारी लिएर उहाँ विदा हुनु भएपछिको १७ वर्ष उहाँसँग भेटघाट त के, सामान्य सम्पर्कसम्म पनि भएको थिएन । तर, उहाँले काठमाडौं गएपछि मनग्गे सुकीर्ति कमाउनु भएको, उहाँको तरक्की भइरहेको इत्यादि काठमाडौ गएका बखत पत्रकार तथा कलाकार मित्रहरूबाट सुनेर म गौरवान्वित हुन्थें । बस् , भेटघाट थिएन । कुनै एक पटक काठमाडौं गएका बेला लोकगीत गायक भाइ टंक के.सी. ले भक्तराज आचार्यको अन्तरवार्ता छापिएको रेडियो नेपालको 'इन्द्रेनी' नामक मुखपत्रको ताजा अंक मलाई उपलब्ध गराएका थिए । त्यस अन्तरवार्तामा भक्तराजले, माथि उल्लिखित, मैले त्यसभन्दा १७ वर्ष अघि, उहाँ सिक्किममै हुँदा सिक्किमकै पाक्योङमा लेखिदिएको गीत रेकडिङ भएको र त्यो नै आफ्नो पहिलो रेकर्ड भएको गीत हो भन्नु भएको पढेर म रमाएको मात्र थिइन, उहाँले मलाई बिर्सिनु भएको त होइन रहेछ भनेर खुसी पनि भएको थिएँ ।

वि.सं. २०४५ देखि म, 'गभर्मेन्ट प्रेस टास्क फोर्स'-मा म्यादी नियुक्ति पाएर, काठमाडौंमै भएका बेला, त्यही टास्कफोर्सका सहकर्मी रहनु भएका वयोबृद्ध विशिष्ट पत्रकार किशोरीरमण राणाको लाजिम्पाटस्थित निवासमा 'भोज' खान जाँदा, संयोवश, भक्तराज आचार्य र मेरो १७ वर्षपछि भेट भयो । उहाँले काठमाडौंमै पाण्डे परिवारकी कन्या ( सुशीला)-सँग वैवाहिक सम्बन्ध जोडिवरि दुई छोराका पिता बनिसकेको पनि, त्यस भेटमा, बताउनु भएको थियो । म पनि पाण्डे नै भएकाले साइनो लाएर बोलचाल गर्ने हँस्यौली भएको थियो । तर, उहाँ र मेरो पुरानै 'भक्तराजजी' र 'नकुलजी' सम्बोधन कायम रह्यो तापनि त्यसपछि यदाकदा भेट हुँदा मैले उहाँकी धर्मपत्नी सुशीलालाई 'दिदी' साइनोले पुकार्थें ।...र, त्यसपछिका दिनहरूमा उहाँ (भक्तराज) र मेरो बाक्लै भेटघाट हुन थालेको थियो ।

दुर्भाग्यवश, भक्तराजमाथि बौद्धको एक होटलमा राक्षसी हमला भयो र उहाँलाई विशेषज्ञ डाक्टर उपेन्द्र देवकोटाको ठूलो प्रयत्नले मृत्युको मुखबाट बँचाएको थियो । तर होश खुलेको थिएन । त्यो घटनाकालको शुरुका कति हप्ता सरकारले भक्तराजको उपचारमा पटक्कै चासो देखाएको थिएन र मैले नै अगुवाइ गरेर दिदी सुशीला समेतको साथमा सरकारका विभिन्न ढोका ढक्ढक्याएका थियौं र गुहार मागेका थियौं । तिनताकाका सहायक मन्त्री बेनुपराज प्रसाईंको सहयोग भने उल्लेख्य थियो । अन्तत: बल्ल सरकारकबाट भक्तराज आचार्यको उपचारमा चासो वर्ताएको थियो । हाम्रा तत्सम्बन्धी गतिविधिका समाचारहरू काठमाडौंका 'आरती', 'मातृभूमि', 'चर्चा', 'तर्क' 'समय' आदि समाचारपत्रहरू र विशेषत: 'कामना' (म्यागाजिन)-का पन्नाहरूमा सुरक्षित होलान् ।

सुशीला दिदी (भक्तराज पत्नी) काठमाडौंतिरै हुनुहोला । तर, भक्तराजका छोराहरू (सत्य र स्वरूप) त झापामा पटक-पटक आए, आफ्ना अब्बल सांगीतिक प्रतिभा देखाएर गए । गत वर्ष चैतमा त मेरै घर-टोल नजिकैको 'डे ग्लो होटेलमा कार्यक्रमा गीत-संगीत प्रक्षेपण गरेर गए । उनीहरूले मेरो घर देखे तर भेट्ने सदाशय साखेनन - त्यसबेला म ओछ्यानमा थिएँ, हिंडुल गर्न समर्थ थिइन !...

अहिले मैले त्यो सुदूर विगतको स्मरणलाई अक्षरमा उतारेको हुँ । मेरो अभिप्राय अन्यथा केही होइन । केवल - कुनै पनि कलाकार वा कलाकर्मीलाई उसको प्रतिभा प्रस्फुटन र प्रस्फुरण निम्ति उचित परिवेश र अवसर आवश्यक हुँदो रहेछ, होइन भने त्यो प्रतिभा भिमलाएर-ओइलाएर जाने रहेछ भन्ने अनुभूत यथार्थलाई आलोकित तुल्याउने जमर्को मात्र हो । कुनै पनि कलाकार वा कुनै पनि प्रतिभा जीवित रहिरहँदासम्म उसको कदर नगर्ने, उसका कठिनाई र व्यवधानहरू नबुझिदिने अनि ऊ दिवंगत भएपछि उसको समाधिमा फूल चढाउन उछिन-पाछिन् गर्ने चलन त हामीकहाँ पनि जीवन्त जो छँदैछ नै ! त्यो चलनको म विरोधी हुँ भन्ने मेरो आभ्यन्तरिक सोच-शैली सार्वजनिक गर्न पनि चाहेको हुँ मैले । सुशीला दिदी र सत्य-स्वरूपले आज मलाई नचिन्दा वा चिन्न आवश्यक नठान्दा मेरो कुनै चित्त दुखाइ छैन । यद्यपि, 'आफै'-ले होस् वा 'सन्तति'-ले, कसैले पनि, 'जँघार तर्दाको लौरो' बिर्सिनुलाई कहीँ पनि र कहिल्यै पनि राम्रो मानेको मलाई थाहा छैन ! यस्ता धेरै कथा सुरक्षित छन् मेरा स्मरणमा !!....


मनकामना डेन्टल केयर
विशेष अफरका साथ

यहाँ आधुनिक प्रविधिबाट दाँत र मुख सम्बन्धी सम्पूर्ण उपचार विशेष छुटका साथ गरिन्छ ।
Dr. Nabin Kant Chaudhary
Consultant Oral & Dental Surgeon
BDS Bangladesh (RU) NMC No.: 19332
दमक-६, थानारोड (झापा)
Call : 9819041615/9810315415

अत्याधुनिक प्रविधिद्वारा उत्पादित
नयाँ झापाली इटा
बजारमा
झापाली इटा
झापाली इटा
ठूलो साइजको ईटा उपलब्ध छ ।
सम्पर्कका लागि:
भगवान बस्नेत : ९८५२६७००३१
उद्योग सम्पर्क : ९८०१४०१४४२

पानासोनिक इलेक्ट्रोनिक्स वर्ल्ड, दमक-८, झापा
विगत दुई दशक अगाडीदेखि तपाईहरुको सेवामा
समर्पित यस मर्मत केन्द्रले सबै प्रकारका LED, TV, Online UPS इनभर्टर सर्वो स्टेपलाइजर, Sound System, Speeker, ब्याट्री चार्जर, वेल्डिङ मेशिन साथै मोटर, पंखा, फ्रिज, AC वासिङ मेशिन, काँटा सुलभ दरमा ग्यारेन्टीका साथ मर्मत गरिन्छ ।
साथै यहाँ अर्डर अनुसार सबै प्रकारका UPS, इनभर्टर, स्टेपलाइजर नयाँ तयार गर्नुका साथै सबै प्रकारका रिमोट र इलेक्ट्रोनिक पार्टसहरु, सेकेण्डहेण्ड मोटर र फेन पाइन्छ ।
नोट :
१) मेडिकल हस्पिटलमा प्रयोग हुने सबै सामानहरु मर्मत गरिन्छ ।
२) यहाँ होम सर्भिसको सेवा पनि उपलब्ध छ ।
३) सबै प्रकारका सेकेण्डहेण्ड सामान पनि बिक्री गरिन्छ ।
प्रो. मनोज सिंह
९८४२६२०९३०/९८०४९३१६३९/०२३-५८३१४७

ठुलो ट्याङ्कीमा कम्प्रेसर प्रविधियुक्त
झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई
दमक :
देवीप्रसाद सिटौला
(९८४२७६०२६५/९८२४९७९१८५)

बिर्तामोड:
राजकुमार श्रेष्ठ
९८०६०१०४१०

## जानकारी

# कपाल झर्ने समस्या र समाधान



बदलिँदो जीवनशैली र बदलिँदो मौसमका कारण अधिकांश मानिस कपाल झर्ने समस्याबाट पीडित छन् । कपाल झर्नुका कारण धेरै मानिस तालुपनको सिकार पनि हुन्छन्। यस्तो अवस्थामा कपालको विशेष ख्याल राख्नु जरुरी हुन्छ । कपाल झर्नबाट जोगाउन मानिसहरु विभिन्न प्रोडक्टहरु प्रयोग गर्छन् । तर यी उत्पादनमा केमिकल हुन्छन्। जसले कपाललाई हानी पुर्याउन सक्छ । यस्तो अवस्थामा कपाल झर्न रोक्न चाहनुहुन्छ भने केही घरेलु उपाय अपनाएर यस समस्याबाट मुक्ति पाउन सक्नुहुन्छ ।

**यी हुन् २५ घरेलु उपचार**

- कागतीको बीउलाई पिसेर कपाल खुइलिएको ठाउँमा लेप गर्नाले कपाल उम्रिन्छ।
- कपाल झर्ने समस्याबाट बच्न नरिवलको तेलमा अलिकति मेथीको दाना हालेर पकाउनुहोस् । त्यसपछि यो तेललाई छानेर बोतलमा राख्नुहोस् । यो तेल नियमित प्रयोग गर्नुहोस् ।
- कागतीको ताजा बोक्रालाई पानीमा हालेर उमाल्नुहोस् । बोक्रा पूरै नगलुञ्जेलसम्म उमाल्नुहोस् । पछि यो पानीलाई विस्तारै-विस्तारै टाउकोमा रगड्नुहोस्। यसबाट टाउकोको पूरै मैला निस्किन्छ तथा कपाल झर्नबाट रोकिन्छ।
- कपालमा अमलाको रसले मालिस गर्नुहोस् खुइलिएको ठाउँमा नयाँ कपाल उम्रिन थाल्नेछ।
- कपाल अधिक झर्न थाल्यो भने अफिमलाई गाईको ताजा दूधमा मिसाएर पेस्ट बनाउनुहोस् । ➢नुहाउनुभन्दा दुई घण्टा पहिले लगाउनुहोस् ।
- लसुनको तेल लगाउनाले कपाल सुक्खा भएको समस्या हट्छ र कपाल झर्न रोकिन्छ
- काउली र बन्दा नियमित खानाले कपाल झर्न कम हुन्छ ।
- मासको दाललाई उमालेर सिलौटामा पिस्नुहोस् । त्यो लेप टाउकोमा लगाउनुहोस्
- एक सय ग्राम निमको पातलाई एक लिटर पानीमा उमाल्नुहोस् । त्यो पानीले टाउको धुनुहोस् । टाउकोमा आएका फोका हट्नेछन् साथै खुइलिएको भागमा कपाल उम्रिन थाल्नेछ। टाउको धोइसकेपछि निमको तेल लगाउनुहोस् ।
- अनारको पात पिसेर टाउकोमा लेप गर्नाले खुइलिएको स्थानमा कपाल पलाउँछ।
- बन्दाको रसले यदि निरन्तर टाउको मालिस गर्नाले कपाल खुइलिने, कपाल टुक्रिने, कपाल झर्ने आदि समस्याबाट बच्न सकिन्छ
- खुइलिएको ठाउँमा हरियो धनियाँको रस लगाउनाले कपाल उम्रिन थाल्छन् ।
- टाउकोमा कतै कपालको गुच्छा नै उडेको छ भने त्यहाँ नियमित दुई महिनासम्म कागती रगड्नुहोस्। यसो गर्नाले कपाल उम्रिनेछन् ।
- नरिवलको तेललाई पानीमा मिलाएर टाउकोमा लगाउनाले कपाल झर्न रोकिनेछ।
- केराको बोक्राको मालिसले कपाल झर्ने समस्या हट्छ ।
- मौसम परिवर्तन हुँदा यदि कपाल झर्न थाल्छ यसो हुँदा ताजा सयपत्रीका पात मिचेर १/२ घण्टासम्म लगाएर धुनुहोस् ।
- हप्तामा एक या दुई पटक आधा कचौरा दहीमा एउटा कागती निचोरेर कपालमा लगाउनुहोस् । त्यसपछि कपाल पखाल्नुहोस् यसो गर्दा कपालको जरा बलियो हुन्छ ।
- एउटा कागतीको रस, आधा कचौरा तेलमा मिलाएर सुत्ने बेला कपालमा लगाउनुहोस्, बिहान कपाल पखाल्नुहोस् । रुखोपन हट्छ र कपाल झर्न बन्द हुनेछ ।
- महमा कागतीको रस मिलाएर कपालको जरामा लगाउनुहोस्। आधा घण्टापछि टाउको धुनुहोस्। एक महिनासम्म हप्तामा दुई पटक यसो गर्दा कपाल झर्न रोकिनेछ।
- काँक्राको रस खुइलिएको भागमा लगाउनुहोस्, नयाँ कपाल उम्रिन थाल्नेछ।

# हर प्रहर, हात्तीकै डर



**दमक/** केहि समय मत्थर भएको पूर्वोत्तर झापाको हात्ती समस्या फेरि बल्झिएको छ । भारतबाट प्रत्येक रात हात्तीको बथान आएर पाकेको बाली खान थालेपछि मेचीनगरको बाहुनडाँगीलगायत सीमा क्षेत्रका बासिन्दा त्रसित बनेका छन् । केही समयको अन्तरालमा हात्तीले बाहुनडाँगीमा तीन जनालाई आक्रमण गरेर घाइते बनाएको र १५ वटा घरमा क्षति पुर्याएको स्थानीय गोपी रिजालले बताए । उनले सीमा क्षेत्रमा जडान गरिएको सौर्य तारबारको ब्याट्री चोरी भएकाले नयाँ ब्याट्री फेर्नुपर्ने बताएका छन् ।

मेचीनगर नगरपालिकाको वडा नं १, ४ र ५ स्थित बाहुनडाँगी क्षेत्रमा एक सातायता दिनहुँ भारतीय जङ्गलबाट प्रवेश गर्ने ३० देखि ४० को सत्याका हात्तीको बथानले किसानको मकै, सुपारीलगायत बालीमा क्षति पुर्याउने गरेका छन् । प्रवेश नाकामा हात्ती रोक्न, स्थानीयलाई सुरक्षा प्रदान गर्न र खेतीबालीमा क्षति हुन नदिन सर्वपक्षीय बैठकबाट निर्णय गरेर सुरक्षाकर्मी, वन रक्षक, रेपिड रेस्पोन्स टिम लगायतको संयुक्त टोली परिचालन गरिएको मेचीनगर वडा नम्बर ४ का वडाध्यक्ष अर्जुन कार्कीले बताए ।

उनले एक सातायता भारतको आसामबाट आएका लगभग १ सयको सत्यामा रहेका हात्तीको बथान दिनभर सीमापारिको जङ्गलमा बस्ने गरेको र रात परेपछि बथानबाट अलग्गिएर ३० देखि ४० को सत्यामा नेपाल प्रवेश गरेर किसानको बालीमा क्षति पुर्याइरहेको जानकारी दिए । हात्तीको बथान नेपाल प्रवेश गर्न नदिने उपाय खोज्न हालै सर्वपक्षीय बैठक आयोजना गरिएको थियो । सर्वपक्षीय बैठकले भारतीय वन अधिकारी र सरकारी निकायसँग हात्ती रोक्न छलफल गर्ने, साँझ ६ बजेपछि हात्ती हेर्ने निहुँमा प्रवेश नाकाहरूमा सर्वसाधारणलाई जान रोक लगाउने, प्रभावित क्षेत्रका आधारमा बस्ती वरिपरि मौसमी तारबार लगाउने, हात्ती खेदाउन र नाका प्रवेश रोक्न ट्र्याक्टर परिचालन गर्ने, ट्र्याक्टरका लागि नगरपालिकाबाट इन्धन उपलब्ध गराउने, रातको समयमा हिँडडुल नगर्न सर्वसाधारणलाई माइकिङ गर्नेलगायत निर्णय गरेको वडाध्यक्ष कार्कीले जानकारी दिए ।

मानव हात्ती द्वन्द्व व्यवस्थापन तथा वातावरण संरक्षण मञ्चका अध्यक्ष हरिप्रसाद उप्रेतीले हात्ती प्रवेश रोक्न बाहुनडाँगीको सीमावर्ती तीन वटा वडामा लगाइएको १८ किलोमिटर लामो सौर्य तारबारको आवश्यक मर्मतसम्भारका लागि प्रक्रिया अघि बढिरहेको बताए । एकदशकअघि जडान गरिएको विद्युतीय तारबारमा प्रयोग भएका अधिकांश ब्याट्री फेर्नुपर्ने अवस्था रहेको हुँदा राष्ट्रिय प्रकृति संरक्षण कोष, डिभिजन वन कार्यालय र मेचीनगर नगरपालिकाको ३० लाख बजेटमा सीमाको सौर्य तारबार मर्मत गरिने उनले जानकारी दिए ।

# ९ मध्ये एक मात्र छोटी भन्सार सञ्चालन



**बिराटनगर/** मोरङमा विराटनगर भन्सार कार्यालय अन्तर्गत नौ वटा छोटी भन्सार कार्यालय रहेका छन् । तीमध्ये धनपालथान गाउँपालिका-३, मायागञ्ज छोटी भन्सार कार्यालय मात्र सञ्चालनमा रहेको छ । यसै क्रममासरकारले भारतबाट ल्याइने एक सय रूपियाँभन्दा माथि मूल्यका सामग्रीमा भन्सार शुल्क लिने व्यवस्था कडाइका साथ लागु गरे पछि छोटी भन्सार कार्यालय सुनसान हुँदा सहायक भन्सारहरूमा चाप बढेको छ । जोगवनी-विराटनगर नाकामा कडाइ हुन थालेपछि विराटनगर आसपासका मात्र होइन, धरानदेखि धनकुटासम्मका मानिसहरु खाद्यान्न तथा घरायसी सामग्री खरिद गर्न सहायक नाकातर्फ जान थालेका छन् ।

विराटनगर भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत उमेश श्रेष्ठले छोटी भन्सार सञ्चालन गर्ने स्पष्ट नीतिगत कार्यक्रम नरहेको बताएका छन् । सूचना प्रणाली, सुरक्षा व्यवस्था तथा भारततर्फ भन्सार कार्यालय नभएका कारण छोटी भन्सार पुनः सञ्चालन गर्न सकिने अवस्था नरहेको उनको भनाई छ । उनका अनुसार 'आइसिपी' अर्थात् एकीकृत जाँच चौकीको अवधारणामा सरकार अघि बढिसकेकाले छोटी भन्सार कार्यालयको औचित्य पनि क्रमशः घट्दै गएको छ ।

जोगवनी-विराटनगर नाकाबाट एक सय रूपियाँभन्दा बढी मूल्यका सामग्री ल्याउँदा भन्सार शुल्क लिने व्यवस्था विरोधका बिच कार्यान्वयनमा आए पनि जिल्लाका छोटी भन्सार तथा अन्य खुला नाकाबाट दैनिक रूपमा खाद्यान्न, लत्ताकपडा, तरकारी, मल तथा बिउ भित्रिने क्रम जारी छ । अधिकांश छोटी भन्सार कर्मचारीविहीन छन् भने नाकामा खटिएका सशस्त्र प्रहरी बलका बोर्डर आउट पोस्ट (बीओपी)ले पनि सामान्य घरायसी सामान ल्याउनेहरूलाई कडाइ गरिरहेका छैनन् । रङ्गेली छोटी भन्सार नजिकैका स्थानीय अमोल यादवले सीमावर्ती क्षेत्र सशस्त्र प्रहरीको गस्तीको भरमा रहेको जनाएका छन् । उनका अनुसार प्रहरी चौकी स्थापना भएपछि छोटी भन्सारहरु क्रमशः निष्क्रिय बन्दै गएका छन् । मोरङका अधिकांश छोटी भन्सारको दक्षिणतर्फ भारतका ठुला सहर नरहेकाले सामान्य दैनिक उपभोग्य सामग्री, मल तथा बिउ मात्रै आउने गरेको भन्सार प्रमुख श्रेष्ठले बताएका छन् ।

मोरङ जिल्लाको ६३ किलोमिटर सीमा भारतसँग जोडिएको छ । रतुवामाई, सुनवर्षी, रङ्गेली नगरपालिका, धनपालथान र जहदा गाउँपालिका तथा विराटनगर महानगरपालिकाको दक्षिणी सीमा भारतसँग जोडिएको छ । ती क्षेत्रमा ११ वटा बोर्डर आउट पोस्ट (बिओपी) रहेका छन्, जहाँ सशस्त्र प्रहरीले सुरक्षा दिँदै आएको छ ।

## पुस्तक-साभार

## सुवर्ण शमशेर

निष्ठाको राजनीतिक यात्रा - अध्याय ४

# क्रान्तिको पूर्वाभ्यास

✍ **कृष्ण धारावासी**

क्रमागतः

**सुवर्ण शमशेरः निधाको राज**

चैतको आखिरी साता भएकाले कलकत्ताको गर्मी निकै उखरमाउलो बनिसकेको थियो । त्यसैले बस्ने खाने व्यवस्था राम्रो हुँदाहुँदै पनि साथीहरू धमाधम फर्कनथाले। कार्यसमितिको बैठक बसेर कामको बाँडफाँड नभएसम्म मैले कलकत्ता छोड्ने कुरै आएन, त्यसकारण पनि मैले अरू केही दिन कलकत्ताको गर्मी खानुपर्‍यो । हुन त रक्सोल कुन ठण्डा ठाउँ थियो र । तैपनि रहँदा-बस्दा रक्सोलको गर्मी पचिसकेको थियो र त्यहाँको गर्मी गर्मीजस्तो लाग्न छाडिसकेको थियो ।

काठमाडौंबाट सम्मेलनमा भाग लिन आएका साथीहरूमा सूर्यबहादुर भारद्वाज, रामलाल ताम्राकार, देवीलाल श्रेष्ठ, बटुक शर्मा, गुलवदन आदिलाई तुरुन्तै काठमाडौं फर्काउनु जोखिमपूर्ण थियो । अतः उनीहरू केही दिन अरू कलकत्ता बसेर पार्किए । जिल्ला-जिल्लाबाट आएका साथीहरू चाहिँ सम्मेलनको लगत्तै फर्किसकेका थिए ।

(सिंह, २०५८ पृष्ठ ११-१२)

ठीक यही आदर्श थियो सुवर्ण शमशेरमा धनि । उहाँले पनि कहिल्यै पदका निम्ति आफूलाई दावेदार बनाउनु भएन । पदभन्दा पनि परिवर्तन ठूलो हो भन्ने कुरामा दुबै नेताहरू मित्रैदेखि प्रतिबद्ध थिए । बी.पी. र सुवर्णको यही सदासयताकै कारण पार्टी एक भएको पनि थियो र यस्तो सोचले तीव्र गति पनि समातेको थियो ।

सुवर्ण शमशेरः निष्ठाको राजनीतिक यात्रा

विभाजित भएर छरिएको शक्ति एउटै पार्टी भित्र संगठित भइसकेपछि नेता तथा कार्यकर्ताहरूमा नयाँ जोस र उमङ्ग आएको थियो । अब चाँडै नै केही गरिहाल्नु पर्छ भन्ने संकल्पका साथ पार्टी एकता भएको थियो । एक भएको पार्टीले निम्न प्रकारका प्रस्तावहरू पास गरेको थियो ।

'नेपालमा व्यापक असन्तोष र दुःखको कारण वर्तमान शासन प्रणाली हो। यो सरकारसित जनताको कुनै प्रकारको सम्झौता हुनसक्तैन १- अब गरिने आन्दोलन कुनै सुधारका मागका लागि नभई, नेपालमा जनताको सरकार कायम गराउने उद्देश्यले नै गरिनेछ एवं यो आन्दोलन गर कि मरका सिद्धान्तमा नै अटल रहेर श्री ५ महाराजाधिराजको वैधानिक नायकत्वमा जनताको शासन स्थापित गर्नलाई यस संस्थाद्वारा छिटै प्रारम्भगरिने आन्दोलनमा भाग लिनका लागि प्रत्येक नेपालीलाई आव्हान गर्दछ।

त्यसैले आर्थिक प्रस्तावमा भनिएको थियो नेपालका जनता मुख्य दुई प्रकारका उत्पीडनबाट सताइका छन् राजनीतिक र आर्थिक । राजनीतिक उत्पीडनका प्रति राष्ट्रको ध्यान गइसकेको छ । तर अझै आर्थिक शोषणका प्रति जति सचेत राष्ट्र हुनुपर्थ्यो, त्यो भएको छैन । जनताको राज्य कामय भएपछि या न्यायपूर्ण आधारमा समानताका सिद्धान्तमा त्यसको साथसाथै सामाजिक व्यवस्थाको स्थापना गर्ने निश्चय गर्छ ।

राजबन्दीसम्बन्धी प्रस्तावमा मनिएको थियो नेपाल प्रजापरिषद्लाई राणाशाहीको गाथगदी ताक्ने आतङ्कवादी भनेर दोष लगाई, यसका सभापति टंकप्रसादसमेत कतिपय साथीहरूलाई दारूण कष्ट दिएकोमा खेद र असन्तोष प्रकट गरिन्छ। उहाँहरूको त्याग र कष्टको ध्यान राखेर दुई संस्था एकमा परिणत मै चौडी उहाँहरूलाई छुटाउन अथवा साथै बस्न कबुल गरिएको छ । क्रमशः

# कवर्डहल अलपत्र



*__दुधे/__ शिवसताक्षी नगरपालिका वडा नम्बर ६ मा निर्माण सुरु गरिएको कबडहल चार वर्षदेखि अलपत्र परेको छ । प्रदेश सरकार र स्थानीय तहको उदासीनताका कारण लाखौँ रुपैयाँ लगानी भएको संरचना अहिले प्रयोगविहीन बनेको हो । प्रदेश सरकारको २५ लाख र नगरपालिकाको ७ लाख रूपैयाँ गरी ३२ लाख रूपैयाँ खर्चिएर गत आर्थिक वर्ष ०८०/०८१ मा निर्माण थालिएको भए पनि काम पूरा हुन सकेको छैन । अहिले निर्माण गरिएका पोलमा खिया लाग्न थालेको छ भने वरपरको क्षेत्र गौचरनजस्तै बनेको स्थानीय बताउँछन् । वडा अध्यक्ष मनोज खुलालका अनुसार वडामा युवाहरूलाई खेलकुद प्रति आकर्षित गराउने उदेश्यले सो योजना ल्याइएको थियो । नगरपालिकाका इन्जिनियर उत्तम बराल का अनुसार अब करिब ४० लाख रूपैयाँ थप लगानी भए आधुनिक सुविधासहितको कबडहल निर्माण सम्पन्न गर्न सकिन्छ । स्थानीयवासीले निर्माण सम्पन्न गर्न सम्बन्धित निकायसँग माग गरेका छन् ।*




आज मिति
२०८३ साल
वैशाख २९ गते
मंगलबार
12 May 2026
तिथि: दशमी



**ज्यो. लक्ष्मी प्र. ढकाल**
ठेगान : क्याम्पस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि:
९८६७३१०८८२/९८१७००५१६५

- **मेष** (चु चे लो ला लि लँ ले लो अ): विपरीतलीङ्गीबाट सहयोग । विशेष धन लाभ ।
- **वृष** (इ उ ए ओ वा वि वु वे वो): मावलीबाट सहयोग । अरुदिनको भन्दा आज आयमा वृद्धि ।
- **मिथुन** (का कि कु घ ङ छ के को हा): सन्तानबाट सहयोग, पढाईमा रुचि । लगानी उठने वा व्यापारबाट धन लाभ ।
- **कर्कट** (हि हु हे हो डा डि डु डे डो): पारिवारिक सदभाव बढ्ने । आज धन लाभका दिन ।
- **सिंह** (मा मि मु मे मो टा टि टु टे): भाईबहिनीबाट सहयोग । पराक्रम बढ्ने, आम्दानी बढ्ने ।
- **कन्या** (टो प पी पँ ष ण ठ पे पो): धन जम्मा गर्ने दिन । उत्तम भोजन ।
- **तुला** (रा री रु रे रो ता ती तु ते): पश्चिम दिशाको कारोबारमा लाभ । मनमा शान्ति, धर्ममा रुचि ।
- **वृश्चिक** (तो ना नि नँ ने नो या यि यु): शुभकार्यमा रुचि । सामान्य मनमा अशान्ति ।
- **धनु** (य यो भा भी भ धा फा ढ भे): वैदेशिक कार्यबाट लाभ । कारोबारबाट धन लाभ ।
- **मकर** (भो जा जी खि खू खे खो गा गी): माता, पिताबाट सहयोग । कार्यमा सफलता ।
- **कुम्भ** (गँ गे गो सा सी सँ से सो द): सामान्य लाभ । पूण्यकर्म गर्न मन लाग्ने ।
- **मीन** (दि दु थ झ ञ दे दो चा ची): मनमा अशान्ति । व्यवसायबाट सामान्य लाभ ।

# मुक्तिचोकको शालिक बिर्ताबजारमा राख्ने प्रस्ताव

**बिर्तामोड**/ बिर्तामोड नगरपालिकामा अलपत्र परेको मुक्तिचोकको ऐतिहासिक शालिकलाई बिर्ताबजारस्थित कृषि भवन अगाडि पुनर्स्थापना गर्ने प्रस्ताव गरिएको छ । बिर्तामोड-३ का वडाध्यक्ष मदन बुढाथोकीले रानीबिर्ताको इतिहास पुरानो बिर्ताबजारसँग जोडिएको हुनाले त्यहाँ शालिक राख्दा उपयुक्त हुने बताए ।

शालिक राख्न नेत्रपार्क, रामचोक वन क्षेत्र र कृषिथोकको खाली गरिएको स्थानलाई पनि विकल्पका रूपमा हेरिएको छ । स्थानीयवासीले उपयुक्त स्थान छनोट गरी बेलैमा शालिक पुनर्स्थापना गर्न माग गरेका छन् ।

एसियन हाइवे निर्माणका क्रममा मुक्तिचोकको स्तम्भ भत्काउँदा शालिकमा केही क्षति पुगेको छ । हाल ती शालिक बिर्तामोड नगरपालिकाको कार्यालय अगाडि भुइँमा राखिएको छ । स्तम्भ हटाइने जानकारी पहिले नै भए पनि समयमै स्थानान्तरणको पहल नहुँदा ऐतिहासिक र बहुमूल्य शालिक अलपत्र परेको स्थानीयको गुनासो छ ।

---

***डिजिटल......*** अनलाइन प्रणालीमा लगिनेछ भने अन्तर्राष्ट्रिय विमानस्थलमा ई-गेट प्रणाली जडान गरी यात्रुको प्रतीक्षा समय घटाइनेछ । गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा थप अन्तर्राष्ट्रिय उडान आकर्षित गर्न कूटनीतिक पहल गरिने सरकारको योजना छ ।

शिक्षा क्षेत्रतर्फ सरकारले माध्यमिक तहसम्म निःशुल्क शिक्षा सुनिश्चित गर्ने जनाएको छ । शिक्षा प्रणालीलाई जीवनउपयोगी, रोजगारमुखी र प्रविधिमैत्री बनाउन सबै तहको पाठ्यक्रम पुनरावलोकन गरिनेछ । इ-लर्निङ, भर्चुअल कक्षा, डिजिटल सामग्री र कृत्रिम बुद्धिमत्तामा आधारित सिकाइ प्रणाली विस्तार गरिने भएको छ । १० हजार सामुदायिक विद्यालयमा उच्च गतिको इन्टरनेट विस्तार गरिनेछ । निजी विद्यालयलाई सेवामूलक र गुणस्तरकेन्द्रित बनाउन स्वस्थ नियमन गरिने नीति पनि सरकारले अघि सारेको छ । शिक्षक नियुक्ति, पदोन्नति र मूल्यांकनलाई पारदर्शी बनाउने तथा उत्कृष्ट शिक्षक प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने घोषणा गरिएको छ ।

सरकारले नेपालमै बसेर विदेशी कम्पनीका लागि काम गर्न सकिने गरी "रिमोट वर्क" सम्बन्धी कानूनी व्यवस्था गर्ने भएको छ । यसले युवालाई स्वदेशमै बसेर विदेशी आम्दानी गर्ने अवसर दिने अपेक्षा गरिएको छ । साथै, विदेशी लगानी आकर्षित गर्न लगानीकर्तालाई लगानी भिसा उपलब्ध गराइने नीति लिइएको छ । गैरआवासीय नेपालीलाई पनि लगानी सुरक्षा, वित्तीय सहजीकरण र प्रतिफल फिर्ता लैजान विशेष सुविधा दिइने भएको छ ।

औद्योगिक क्षेत्र सुधारका लागि औद्योगिक नीति २०६७ परिमार्जन गरी नयाँ राष्ट्रिय औद्योगिक नीति ल्याइनेछ । स्टार्टअप, लघु, साना तथा मझौला उद्यमलाई वित्त, प्रविधि र बजार पहुँचमा सहजीकरण गर्न "राष्ट्रिय उद्यम प्रवर्द्धन सुविधा" स्थापना गरिने घोषणा गरिएको छ ।

सहकारी क्षेत्रमा देखिएको संकट समाधानका लागि सरकारले "एकीकृत बचतकर्ता सुरक्षण कोष" स्थापना गर्ने भएको छ । समस्याग्रस्त सहकारीबाट कर्जा असुली र सम्पत्ति बिक्रीबाट प्राप्त रकम यही कोषमा जम्मा गरी बचतकर्तालाई रकम फिर्ता गरिनेछ । साथै, राष्ट्रिय सहकारी नियमन प्राधिकरणलाई थप सुदृढ बनाइने नीति लिइएको छ ।

सुरक्षा र सुशासनलाई पनि सरकारले विशेष प्राथमिकता दिएको छ । साइबर सुरक्षा, वित्तीय अपराध र डिजिटल ठगी नियन्त्रणका लागि विशेष अनुसन्धान इकाई स्थापना गरिनेछ । सीमा नाकामा अनुहार पहिचान प्रणाली, ड्रोन र नाइटभिजन क्यामेरा प्रयोग गरिनेछ । विपद् व्यवस्थापनलाई पूर्वतयारीमुखी बनाउँदै जोखिम नक्सांकन र प्रारम्भिक चेतावनी प्रणाली विस्तार गरिने भएको छ । सेना, प्रहरी र सशस्त्र प्रहरी सम्मिलित एकीकृत उद्धार कमान्ड प्रणाली विकास गरिनेछ ।

सरकारले निजामती प्रशासनलाई निष्पक्ष, व्यावसायिक र नतिजामुखी बनाउने नीति पनि लिएको छ । सरकारी सेवामा ट्रेड युनियन व्यवस्था खारेज गर्ने, कार्यसम्पादन मूल्यांकन प्रणाली लागू गर्ने र राजनीतिक गतिविधिमा संलग्न कर्मचारीलाई कारबाही गर्ने घोषणा गरिएको छ । राष्ट्रिय सतर्कता केन्द्रलाई भ्रष्टाचार नियन्त्रण इकाइका रूपमा विकास गरिने तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई थप सुदृढ बनाइने उल्लेख छ ।

स्वास्थ्य क्षेत्रमा सरकारले स्वास्थ्य बीमा कार्यक्रम पुनःसंरचना गर्ने जनाएको छ । स्थानीय तहसम्म आधारभूत स्वास्थ्य सेवा पहुँच विस्तार, टेलिहेल्थ सेवा र स्वास्थ्य स्वयंसेविकाको भूमिका विस्तार गरिनेछ । साथै, नेपाल औषधि लिमिटेडको स्तरोन्नति गरी स्वदेशी औषधि उत्पादन र प्रयोगलाई प्रोत्साहन गरिने भएको छ । यसैगरी, सरकारले सार्वजनिक यातायातलाई भरपर्दो बनाउन विद्युतीय "मास ट्रान्जिट" प्रणाली विकास गर्ने घोषणा गरेको छ भने मध्यम वर्गीय परिवारमाथिको करको बोझ घटाउने नीति पनि अघि सारेको छ । प्रदूषण करलाई हरित करका रूपमा एकीकृत गरिने र दोहोरो करमुक्ति सम्झौताहरू विस्तार गरिने सरकारको योजना छ ।

---

***प्रिमियर*** ....दीपा दाहालले जानकारी दिइन् । कलेजका प्रशासन प्रमुख रञ्जित कार्कीका अनुसार नेपाली पर्यटन उद्योगमा ठूलो संख्यमा दक्ष जनशक्तिको माग भई रहेको छ । यस्तै स्वदेशमानै रोजगारी गर्न तथा उद्यम सञ्चालनका लागि समेत होटल मेनेजमेन्ट अध्ययन गरेका जनशक्तिको माग हुने गरेको उनको भनाई छ ।

***दमकमा......***

आयोजना हुने खेल महोत्सवलाई थप नयाँ र आकर्षक बनाउने प्रयास भइरहेको पनि बताए । उद्घाटन कार्यक्रममा आइटीएफ तेक्वान्दोका खेलाडीहरूले आकर्षक प्रस्तुति दिएका थिए भने पञ्चेबाजाको धुनले कार्यक्रमस्थललाई थप रोमाञ्चक बनाएको थियो ।

**वैशाख ३० गतेसम्म महोत्सवको समापन**

गत वर्षदेखि खेलकुदको समग्र विकास र खेलाडी प्रोत्साहनका लागि सुरु गरिएको महोत्सवको दोस्रो संस्करण वैशाख ३० गतेसम्म सञ्चालन हुनेछ । शिक्षा शाखा प्रमुख प्रविण खड्काका अनुसार समापन कार्यक्रम दमक-१० स्थित आम्बारी खेलमैदानमा हुनेछ ।

महोत्सवअन्तर्गत नौ विधाका भलिबल, फुटबल, क्रिकेट, ब्याडमिन्टन, चेस, एथलेटिक्स, कराँते, आइटीएफ तेक्वान्दो र डब्लुटीएफ तेक्वान्दो समावेश छन् । फुटबल प्रतियोगिता भने वैशाख २१ गतेदेखि नै सुरु भइसकेको छ ।

**पुरस्कार व्यवस्था**

महोत्सवका विभिन्न खेल विधामा प्रथम, द्वितीय र तृतीय हुने खेलाडीलाई नगद पुरस्कार, शिल्ड, मेडल, ट्रफी तथा प्रमाणपत्र प्रदान गरिने आयोजकले जनाएको छ । प्रतियोगिताका विजेताले विधाअनुसार अधिकतम एक लाख रुपैयाँसम्म नगद पुरस्कार प्राप्त गर्नेछन् । उद्घाटन कार्यक्रमको सञ्चालन मोहन मगर मिनले गरेका थिए ।

***स्ववियु......*** *यस्तै सरकारलाई लिखित जवाफ पेश गर्न पनि भनिएको छ । एमाले निकट अनेरास्ववियु, नेकपा निकट अनेरास्ववियु क्रान्तिकारीसहितका विद्यार्थी संगठनहरूले अध्यादेशबाट गरिएको स्ववियु खारेजीविरुद्ध शुक्रवार रिट दर्ता गरेका थिए ।*

## अन्तर्राष्ट्रिय

### पूर्वप्रधानमन्त्री जेलमुक्त

**एजेन्सी**/ भ्रष्टाचारको मुद्धामा जेल परेका थाइल्यान्डका पूर्व प्रधानमन्त्री थाक्सिन सिनावात्रा सोमबार रिहा भएका छन् । भ्रष्टाचारको आरोपमा एक वर्षको सजाय पाएका थाक्सिनले आठ महिना जेल सजाय भोगिसकेका छन् ।

उनको स्वागतका लागि बैङ्कको केन्द्रीय कारागार 'क्लोङ प्रेम' बाहिर करिब ३०० समर्थक र राजनीतिक सहयोगीहरू भेला भएका थिए । रिहाईपछि पहिलो पटक सार्वजनिकरूपमा देखिएका उनले सञ्चारमाध्यमसँग भने कुनै प्रतिक्रिया दिएनन् । दूरसञ्चार व्यवसायमा आबद्ध अर्बपति व्यापारी थाक्सिनले सन् १९९८ मा आफ्नै राजनीतिक पार्टी गठन गरेका थिए । सन् २००१ मा उनी थाइल्याण्डको प्रधानमन्त्री बनेका थिए । सन् २००६ मा सेनाले 'कू' गरेर उनको सरकार अपदस्थ गरेको थियो । त्यतिबेला उनी विदेश भ्रमणमा थिए । सन् २०२३ मा उनी स्वदेश फर्किएका थिए र अदालतमा हाजिर भएका थिए । त्यहाँबाट उनलाई सुरुमा आठ वर्षको जेल सजाय सुनाइएको थियो । तर पछि थाइल्यान्डका राजा महा वाजिरालोङकोर्नले जेल सजाय घटाएर एक वर्षमा झारेका थिए ।

## खेलकुद

### एनपीएलको पहिलो र दोस्रो संस्करणको आयव्यय विवरण पारित



दमक । नेपाल क्रिकेट संघ (क्यान)को वार्षिक साधारणसभाले आर्थिक वर्ष २०८१/०८२ को वार्षिक लेखा परीक्षण प्रतिवेदन अनुमोदन गर्ने निर्णय गरेको छ । आइतबार विराटनगरमा सम्पन्न साधारणसभाले सन् २०२६ का लागि क्यानको वार्षिक कार्यक्रम, कार्ययोजना र बजेट पनि पारित गरेको छ ।

साधारणसभाले नेपाल प्रिमियर लिग (एनपीएल) को पहिलो र दोस्रो संस्करणको आयव्यय विवरण पारित गरेको छ । बैठकले एनपीएलबाट प्राप्त आम्दानीमध्ये देशभरका ४५ जिल्ला क्रिकेट संघलाई जनही २ लाख रुपैयाँ उपलब्ध गराउने निर्णय पनि गरेको छ । साथै, एसीसी/आईसीसीबाट थप कार्यक्रम आएमा त्यसअनुसार बजेट तथा कार्यक्रम समायोजन गर्न केन्द्रीय कार्यसमितिलाई अधिकार दिइएको छ । त्यस्तै, जिल्ला क्रिकेट संघहरूले सञ्चालन गर्ने कार्यक्रमको आधारमा 'स्कोर कार्ड ग्रान्ट' उपलब्ध गराउने निर्णय गरिएको छ ।

---

# ७ सय १ गाडी फिर्ता

दमक/ सरकारले दोहोरो सुविधाका नाममा विभिन्न राजनीतिकर्मी र पूर्वप्रशासक समेतले प्रयोग गरिरहेका ७०१ वटा गाडी फिर्ता ल्याएको छ । प्रधानमन्त्री बालेन शाहका प्रेस तथा अनुसन्धानविज्ञ दीपा दाहालका अनुसार शुक्रबारसम्म प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालयले ७०१ वटा सुविधाका गाडी फिर्ता ल्याएको हो ।

उनका अनुसार विभिन्न ३४ निकायबाट गाडी फिर्ता ल्याइएको छ । त्यसमध्ये प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालयअन्तर्गत लगिएका २६ वटा गाडी फर्काइएका छन् । सबभन्दा बढी अर्थ मन्त्रालयबाट लगिएका १२४ वटा गाडी फिर्ता ल्याइएको छ। त्यस्तै, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट गएका १६, ऊर्जा तथा जलस्रोत मन्त्रालयबाट गएका १६ सवारी साधन फिर्ता ल्याइएको छ ।

कानुन, न्याय तथा संसदीय मन्त्रालयबाट गएका ८, कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट २०, खानेपानी मन्त्रालयबाट ५, गृह मन्त्रालयबाट लगिएका २१ वटा गाडी सरकारले खोसेको छ । परराष्ट्र मन्त्रालयबाट ८, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट १२, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट ६४, महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयबाट ६, रक्षाबाट १४, वन तथा वातावरण मन्त्रालयबाट १३, सहरी विकास मन्त्रालय अन्तर्गतबाट गएका ७५ गाडी फिर्ता ल्याइएको छ ।

# गरामनीको देवी गुठीको अतिक्रमित जग्गा खाली गरिने

**बिर्तामोड**/ झापाको बिर्तामोड-८ स्थित गरामनीको देवी गुठीको नाममा रहेको ८ विगाह १५ कट्ठा सार्वजनिक जग्गा खाली गरिने भएको छ । जिल्ला प्रशासन कार्यालय झापाले वास्तविक सुकुम्बासीको पहिचान गरी व्यवस्थापन गर्न स्थानीय तहलाई निर्देशन दिएपछि बिर्तामोड नगरपालिका वडा नम्बर ८ ले गुठीको जग्गा संरक्षण प्रक्रिया अघि बढाएको हो । यसका लागि समिति गठन गरी अतिक्रमित क्षेत्र खाली गराउने तयारी भइरहेको जनाइएको छ ।

हाल उक्त जग्गामा २० परिवार बसोबास गर्दै आएका छन् । तीमध्ये केही मात्र वास्तविक सुकुम्बासी रहेको र अन्यले आफ्नै जग्गाजमिन हुँदाहुँदै गुठीको सार्वजनिक जग्गा ओगटेको बताइएको छ । गुठीको जग्गा दिपक महत, तिर्थ महत, मोति रोका र भीम श्रेष्ठलगायतले वर्षौंदेखि कमाउँदै आए पनि लामो समयदेखि ठेक्का नबुझाएको आरोप छ ।

स्थानीयका अनुसार २०३५ सालतिर उक्त क्षेत्र खाली थियो । त्यसबेला महत परिवार र पदम उप्रेतीले गुठीको जग्गा कमाउँदै आएका थिए । उनीहरूले विगाहको साढे ११ मनका दरले ठेक्का बुझाउने गरेको गरामनी गाविसका पूर्व खरिदार हरि सापकोटाले बताए । पछि महत परिवारले मोति रोकालाई र पदम उप्रेतीले भीम श्रेष्ठलाई जग्गा कमाउन दिएका थिए । गुठीको जग्गामा साइन्स सिटी, क्रिकेट मैदान र कोल्डस्टोरजस्ता योजना ल्याउने प्रयास भए पनि अतिक्रमणका कारण कार्यान्वयन हुन सकेन । देवी गुठीकै जग्गामा रहेको शुक्रराज प्राविले १८ कट्ठा क्षेत्र ओगटेको बताइएको छ ।

स्थानीय वडा सदस्य सोयालाल राजवंशीका अनुसार उक्त जग्गा राजवंशी परिवारले गरामनीको दुर्गा मन्दिरलाई दान दिएका थिए । झापामा मन्दिर तथा विद्यालयका लागि दान गरिएका धेरै गुठी जग्गा अतिक्रमण र हिनामिनाको चपेटामा परेको स्थानीयको गुनासो छ ।

---

# मनसुनमा करिब २० लाख प्रभावित हुने प्रक्षेपण

**दमक**/ यस वर्षको मनसुन अवधिमा औसतभन्दा कम वर्षा हुने सम्भावना रहे पनि तापक्रम वृद्धि र चरम मौसमी घटनाका कारण देशभर मनसुनजन्य विपद्को जोखिम उच्च रहने देखिएको छ । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले सार्वजनिक गरेको 'मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना २०८३' को मस्यौदामा करिब १९ लाख ९७ हजार मानिस प्रभावित हुन सक्ने अनुमान गरिएको हो ।

प्रतिवेदनअनुसार देशभर चार लाख ५७ हजारभन्दा बढी घरधुरी मनसुनजन्य विपद्बाट प्रभावित हुन सक्छन् । प्रभावितमध्ये ५२ प्रतिशत महिला र ४८ प्रतिशत पुरुष रहने अनुमान छ । जोखिममा पाँच वर्षमुनिका करिब एक लाख ६४ हजार बालबालिका, चार लाख १५ हजारभन्दा बढी ज्येष्ठ नागरिक तथा करिब ४८ हजार अपाङ्गता भएका व्यक्ति रहेका छन् ।

उच्च हिमाली क्षेत्रमा हिमताल विस्फोटको जोखिम बढेको छ भने तराई तथा तल्लो भेगमा बाढी, डुबान, भूक्षय, पहिरो र आकस्मिक बाढीको खतरा उच्च रहेको जनाइएको छ । दैनिक तापक्रम वृद्धि र तातो हावाको लहरका कारण विशेषगरी दक्षिणी तराई बढी प्रभावित हुन सक्ने चेतावनी दिइएको छ ।

प्रदेशगत रूपमा कोशी, मधेश, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका केही जिल्लालाई उच्च जोखिमयुक्त क्षेत्रका रूपमा चिनाइएको छ । प्राधिकरणका उपसचिव रामबहादुर केसी ले पूर्वसूचना प्रणाली, राहत सामग्री तयारी, सुरक्षित स्थान पहिचान तथा उद्धार संयन्त्रलाई चुस्त बनाउन सम्बन्धित निकायलाई निर्देशन दिइएको जानकारी दिए ।

जल तथा मौसम विज्ञान विभाग का अनुसार यस वर्ष अधिकांश क्षेत्रमा सरदरभन्दा कम वर्षा हुने सम्भावना छ । तर सुदूरपश्चिम, मधेश र कोशी प्रदेशका केही क्षेत्रमा भने सरदरभन्दा बढी वर्षा हुन सक्ने अनुमान गरिएको छ । विभागले देशभर अधिकतम तथा न्यूनतम तापक्रम पनि सरदरभन्दा बढी रहने प्रक्षेपण गरेको छ ।

**स्वच्छ शहरः स्वस्थ्य शहर**

- धुवाँ बढी फाल्ने सवारीसाधनको प्रयोग नगरौं,
- सवारीसाधनको समयसमयमा मर्मतसम्भार गरौं,
- तोकिएको स्थानमा मात्र फोहोर फालौं,
- करेसाबारी, सडक छेउ र सार्वजनिक स्थानमा वृक्षरोपण गरौं,
- सार्वजनिक स्थलका बोटविरुवा तथा फूलको संरक्षण गरौं,
- स्वच्छ पानी र सरसफाइमा ध्यान दिऔं,
- ध्वनि र वायु प्रदूषण कम गरौं,
- सडकको समयसमयमा मर्मतसम्भार गरौं,
- सडकमा निर्माण सामग्री नराखौं।

*शहरलाई सफा राखौः सुन्दर बनाऔं।*

नेपाल सरकार
विज्ञापन बोर्ड

आम्दा स्वास्थ्य विज्ञान प्रतिष्ठान/ आम्दा अस्पताल दमक झापाको

**शिलबन्दी दरभाउ प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना**

आम्दा नेपाल अन्तर्गत सञ्चालित आम्दा स्वास्थ्य विज्ञान प्रतिष्ठान, दमकलाई मेडिकल तथा अफिस उपकरण आवश्यक भएकोले खरिदका लागि सूचना नं. २४/AMDA/AIHS/२०८२)०८३ प्रकाशित गरिएको छ । इच्छुक इजाजतप्राप्त आपूर्तिकर्ताहरूबाट शिलबन्दी दरभाउ प्रस्ताव २०८३/०२/१२ दिउँसो ४ बजेभित्र सम्ममा आह्वान गरिन्छ । खरिद प्रक्रिया आंशिक वा पूर्ण रूपमा स्वीकृत वा अस्वीकृत गर्ने अधिकार आम्दा स्वास्थ्य विज्ञान प्रतिष्ठान/आम्दा अस्पतालमा सुरक्षित रहनेछ ।



ॐ शान्ति डेन्टल हस्पिटलका सेवाहरू

१) दाँत तथा मुख सम्बन्धी सम्पूर्ण परिक्षण उपचार तथा परामर्श सेवा
२) दाँत निकाल्ने ३) दाँत भर्ने
४) दाँतको जरैदेखि उपचार गर्ने । ५) कृतिम दाँत राख्ने ।
६) दाँतको खोल राख्ने ।
७) दाँत नभएको ठाँउमा झिक्नु नपर्ने गरी दाँत राख्ने ।
८) नमिलेको ठाउँमा टिङ्गा दाँतमा तार बान्ने ।
९) अत्याधुनिक मेसिनले दाँत सफा गर्ने ।
१०) गिजा सुनिन्ने, श्वास गन्हाउने, गिजाबाट रगत आउने तथा पाएरियाको उपचार गर्ने ।
११) Oral-Ulcer तथा Oral-Cancer को परामर्श ।
१२) मुखको साधारण सल्यक्रिया सेवा । Minor Sugery
१३) मुखको जटिल सलयक्रिया सेवा । Major Sugery
१४) दाँतको Implant गर्ने । १५ ) दाँतको OPD सेवा ।

आवद्ध डाक्टरहरू

- डा. हेम राज गैरे
- डा. सि.पि. गैरे
- डा. राहुल गुप्ता
- डा. विवेक शिंह
- डा. टंक न्यौपाने
- डा. स्मारक दाहाल
- डा. मोलिका श्रेष्ठ
- डा. काश्मी श्रेष्ठ
- डा. सायारा ढकाल
- डा. अन्जली ठाकुर

ॐ शान्ति डेन्टल हस्पिटल
दमक-५ बेलडांगी रोड, डि म्याक्स अगाडी (फोनः ०२३-५७५९०६)

गंगा ट्राभल्स एण्ड टुर्स

हाम्रा सेवाहरुः
- राष्ट्रिय तथा अन्तराष्ट्रिय सस्तोमा हवाई टिकट
- भारतका लागि रेल, बसको टिकट
- बैदेशिक रोजगारीको लागि श्रम स्वीकृति
- टुर प्याकेज तथा मनि ट्रान्सफर(IME)को सुविधा

Pre-Purchased fare"Ktm to Doha, Dubai, Kuwait "UAE Visit Visa available
Are you going to India ?
Special Pre Purchase fare for India
Indigo, Spice Jet, Air Asia, Vistara, Akasa air
बागडोगराबाट दिल्ली, कोलकाता, मुम्बई, अहमदाबाद,
बागडोगरा
गंगा ट्राभल्स एण्ड टुर्स
दमक-५, बेलडाँगी रोड, डिम्याक्स् सिनेमा अगाडी, ओम शान्ति डेन्टल हस्पिटलसँगै फोन:०२३-५७५३११/९८४२६४५१३६/९८१४९८५७२०

**प्रधान सम्पादक/प्रकाशक**: गञ्जबहादुर दाहाल, **कार्यालय**: दमक-५, झापा, फोन: ०२३-५७०२७२. **प्रबन्धक**: सुवासचन्द्र भट्टराई, **मुद्रण**: ज्योति अफसेट प्रेस, **कार्यकारी सम्पादक**: खगेन्द्र कार्की E-mail:purbasandesh@yahoo.com **ले-आउट**: सुरेन बस्नेत **सल्लाहकार** : पंकज दाहाल